# आमालाई चिठी

कमला साङपाङ राई
मोरङ

आमा!
तिमी के गर्दैछेऊ?

मैले छोडेर आएका लमतन्न खाली ति
बाटाहरु
घरको पेटीमा उभिएर
एकनाश नियाल्दै छौ?
या
चरक्क चर्किएको
छात्तीको दाहिने पाटो समाउँदै
सञ्चो बिसञ्चो,
मैले खाए नखाएको सोच्दैछौ?

चिन्ता नलेऊ आमा ।
तिमीले हामीले सोचे जस्तो,
देखे जस्तो
छैन रै'छ यो काठमाडौं ।

आमा!
अमिल्यका  पेट समाउँदै,
अस्तित्वका पहाड चढ्न सिक्दैछु म'
पीडाहरुको थुप्रामाथि
हिड्न सिक्दैछु म'
यहाँ
दैनिक दौड प्रतियोगिता छ
धावकहरुको त्यही ठूलो भिड्लाई उछिन्दै
सगरमाथा जस्तै
एक्लो र सर्वप्रथम हुने होडमा छु म'

आमा!
सन्तान भन्नु नै
सपनाहरुको एउटा अबिचलित श्रृखला रहेछ
।
त्यही श्रृखलाहरुको लहरमा
उभिएर म'
मेरो सपना होइन
तिम्रो सपनाहरुको फूल टिप्न लागि परेकी
छु म'।

बाध्यता र अभावहरुको पिजंडामा कुँजे
भएका तिम्रा ति सपनाहरु
आमा हेर त
मिरमिरे बिहानीपख
त्यो क्षितिज माथि टिलपिल टिलपिल गर्दै
चम्किएका तारा जस्तै
आज चम्किरहेको म' देखिरहेछु ।
हो,
यही काठमाडौंमा
बिहानी जस्तै,
रहर लाग्दा सपनाहरु  खोजिरहेछु ।
आमा तिमी पिर नगर है ।

समाप्त